






जुन १, २०२४को निम्ति अध्याय ९

# परमेश्वरको शासनप्रणालीको जग

जुन १, २०२४को निम्ति अध्याय ९



""तब त्यो विशाल सर्प वा अजिङ्गर त्यस
स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प
त्यस स्त्रीको बाँकि सन्तानको विरुद्ध
लडाईं गर्न हिंडयो। त्यस स्त्रीका सन्तान
तिनीहरु थिए जसले परमेश्वरको आदेशको
पालन गर्थे। येशूले सिकाएको सत्य वा
येशको बारेमा गवाही तिनीहरुसित
थियो।" प्रकाश १२:१७।





जब हामी संसारका वरिपरि हेर्छौं तब तिनीहरूमाथि शासन गर्न परमेश्वरले कानुन वा विधिहरू सृष्टि गर्नुभएको थियो भनेर हामीलाई महसुस हुन्छ। जीवित जिवात्माहरू कसरी हुर्कन्छ र विकसित हुन्छ त्यसलाई निर्धारण गर्न विधि वा कानुनहरू हुन्छन्। जब सूर्यको वरिपरि रफ्तारमा यो पृथ्वी घुम्छ तब हामी नझरौं भनेर व्यवस्थित गरिएको छ।



परमेश्वरले सृजना गर्नुभएको विधिको शासन वा व्यवस्थाले हामी कसरी चल्नुपर्छ भनेर निर्धारण गरेको हुन्छ। यस संसारका बासिन्दा, अरू जगत ब्रम्हाण्डका पृथ्वीका बासिन्दा र स्वर्गदूतहरू पनि परमेश्वरको विधिको शासनमा चल्छन्।

जगत ब्रम्हाण्डका प्रत्येक बुद्धिजीविमा परमेश्वरले विधि वा व्यवस्था रोप्नुभएको छ (रोमी २:१५)। तर पापले हामीमा हुने त्यो व्यवस्थालई विकृति बनाएको छ। त्यसकारण, मौखिक र लिखित रूपमा परमेश्वर आफैले व्यवस्था दिनुपरेको थियो।





- **व्यवस्था:**
  - **स्वर्गको पवित्रस्थानमा व्यवस्था।**
  - **सनातन व्यवस्था**
- **साबथ:**
  - **साबथको अर्थ।**
  - **साबथ र युगको अन्त्य।**
- **व्यवस्था, साबथ र आराधना।**


व्यवस्था

# स्वर्गको पवित्रस्थानमा व्यवस्था

"स्वर्गमा रहेको परमेश्‍वरको मन्दिर खोलियो, त्यस मन्दिरमा करारको सन्दुक देखिएको थियो।" प्रकाश ११:१९अ।



स्वर्गमा रहेको पवित्रस्थान खोलिएको यूहन्नाले देखेका थिए। त्यहाँ करारको सन्दुक देखिएको थियो (प्रकाश ११:१९)। त्यसबेलासम्म स्वर्गको पवित्रस्थानमा रहेको सन्दुक लुकिएको थियो र? यूहन्नाले देखेका दिव्यदर्शनको अर्थ के होला?

यूहन्नाले देखेका दिव्यदर्शनलाई बुझ्न पृथ्वीमा भएको पवित्रस्थानलाई हेर्नु आवश्यक छ। त्यहाँ चलाएका विभिन्न विधिहरूलाई बुझ्नुपर्दछ।

पृथ्वीमा रहेको पवित्रस्थानमा सन्दुक वर्षभरी "लुकिएको हुन्थ्यो। पश्चात्तापको दिनमा मात्र देखिन्थ्यो (लेबी १५:२,१२-१३)। त्यस दिन न्यायको समय थियो र पापहरू सफा हुन्थ्यो (लेबी १६:३०)।




प्रकाशमा उल्लेख गरिएका दिव्यदर्शनहरू पछि स्वर्गमा न्याय हुन थालेको थियो भनेर यूहन्नालाई दिव्यदर्शनमा देखाइएको थियो। यो १९सौं शताब्दीको सुरुमा भएको थियो।

पृथ्वीको पवित्रस्थानमा रहेको पवित्र सन्दुकमा दश आज्ञाहरूका शिलापाटी थियो। यसैबाट हामीलाई न्याय गरिनेछ। यसमा कृपा आशन पनि थियो जसले परमेश्वरको कृपाको प्रतिक थियो। यहाँ रगत छर्किन्थ्यो। येशूको रगतले हाम्रा पापहरू छोप्छन् (१ पत्रस १:१८-१९; १ यूहन्ना २:२; भजन ८५:१०)।


# सनातन व्यवस्था

""मैले व्यवस्था वा अगमवक्ताहरूलाई रद्द गर्न आएको भनेर तिमीहरूले नसोच। म रद्द गर्न आएको होइन तर तिनीहरूलाई पूरा गर्न आएको हुँ।" मत्ती ५:१७ रूपान्तरित।



कतिपय इसाईहरू वा इसाई प्रचारकहरूले येशूले १० आज्ञाहरूलाई क्रसमा रद्द गर्नुभएको थियो भनेर सिकाउँछन्। तर सुधारवादी इसाई र बाइबलले त्यो धारणालाई सिकाउँदैन।.

यो सत्य होकि क्रसमा पृथ्वीमा रहेको पवित्रस्थानसँग जोडिएका विधिविधान वा संस्कारहरूको औचित्य समाप्त भएको थियो। तर नैतिक व्यवस्था वा दश आज्ञाको औचित्य समाप्त भएको थिएन (एफिसी २:१५)।



परमेश्वरको व्यवस्था अनन्तको छ, यो समयसँग गाँसिएको छैन, यो सिद्ध छ र परमेश्वरले सृष्टि गर्नुभएको प्रत्येक बौद्धिक प्राणी यही दश आज्ञाको परिधिभित्र रहेर चलेको हुन्छ (भजन १९:७;११९:१४२;रोमी ७:७,१२,१६,२२,२५; १ यूहन्ना ३:४)।

**वास्तविक रूपमा दश आज्ञा अनन्त वा सनातन छ किनकि यसले परमेश्वरको चरित्रको प्रतिबिम्बित गर्दछ।.**

**परमेश्वरको चरित्र**

"धार्मिकता र न्याय तपाईंको सिंहासनका जगहरू हुन्।" (भजन ८९:१४अ))

"तपाईंको अनुहारको सामु कृपा र सत्य अघि जान्छ।" भजन ८९:१४आ।

**व्यवस्था**

""तपाईंका सबै आज्ञाहरू धर्मी छन्।" भजन ११९:१७२आ

"तपाईँको व्यवस्था सत्य हो।" भजन ११९:१४२आ


सावथ

# साबथको अर्थ

"साबथ दिन पवित्र राख्नुपर्छ भनेर याद गर।" प्रस्थान २०:८

चौथो आज्ञाले साबथ पालन गर्नु पर्ने दुई कारणहरू छन। किनभने परमेश्वरले हामीलाई सृष्टि गर्नुभएकोले (प्रस्थान २०:८-११) र किनभने उहाँले हामीलाई उद्धार गर्नुभएको थियो (व्यवस्था ५:१२-१५)।



हाम्रो निम्ति साबथ् त्यो क्षण हो जब हाम्रा सृष्टिकर्ताको प्रशंसा गर्दछौं; उहाँको उद्धार गर्ने प्रेममा ध्यान दिन्छौं; र नयाँ सृष्टिको निम्ति उहाँले गर्नुभएको प्रतिज्ञालाई याद गर्छौं। यदि यी धारणाहरूलाई हामीले बुझ्न सक्यौंभ ने साबथ परमेश्वरले हामीलाई दिनुभएको विशेष आशिष भएको महसुस गर्न सक्छौं।.





अर्को अर्थमा भन्ने हो भने साबथले हामीलाई यो याद दिलाउँछ कि परमेश्वरले हामीलाई यस्तो प्रेम गर्नु भएको छ कि उहाँले हामीलाई त्याग्नुहुन्न। उहाँबाट हामी अलग भएर बस्न चाहेतापनि उहाँले हामीलाई छोड्न चाहनुहुन्न। यो विश्रामको प्रतिक हो। कामको प्रतिक होइन। यो अनुग्रह हो तर विधिवाद होइन। यसले हामीलाई सुरक्षित राख्छ् तर दोष दिँदैन। हामीलाई मुक्ति पाउन हामी परमेश्वरमाथि नै भर पर्छौं, तर हाम्रो धर्मकर्म र संस्कारहरू पालन गरेर होइन।

साबथ पालनाले हामी परमेश्वर प्रति बफादार भएकाछौं भनेर प्रमाणित गर्दछौं र उहाँलाई मात्र आराधना गर्ने हाम्रो चाहनालाई देखाउँछ।

# साबथ र युगको अन्तको समय

"" त्यो दोस्रो पशुलाई त्यो पहिलो पशुको मूर्ति जीवित तुल्याउने शक्ति दिइएको थियो। तब त्यो मूर्ति बोल्न सक्थ्यो अनि त्यसलाई पूजा-नगर्ने सबैलाई मार्ने आदेश दिन सक्थ्यो।" प्रकाश १३:१५।



संसारलाई धोखा दिन र परमेश्वरबाट पर राख्न सैतानले विभिन्न शक्तिहरूलाई प्रयोग गरेको प्रकाश १३ले वर्णन गर्दछ। यस अध्यायमा उल्लेख गरिएको सबै थोक आराधनासँग सम्बन्धित छ (प्रकाश १३:४,८,१२,१५)।


शक्तिहरूमा एउटा शक्ति सानो सिङ्ग हो जुन दानिएल ७मा उल्लेख गरेको छ। त्यस शक्तिले समय र व्यवस्थालाई परिवर्तन गर्न खोज्नेछ भनेर उल्लेख गरिएको छ (प्रकाश १३:५; दानिएल ७:२५- यो अवधी ४२ महिनाको वा समय, समयहरू र आधा समय हो)।



त्यस शक्तिले दोस्रो आज्ञालाई परिवर्तन गरेर मूर्ति पूजा गर्न थालेको थियो। त्यसै गरि चौथो आज्ञा जुन आराधना गर्ने मामिला हो त्यसलाई पनि परिवर्तन गरि शनिबारको ठाउँमा आइतबारलाई पवित्र हुने सारिएको थियो।

अन्तिम क्षणहरूमा उसले मानिसहरूलाई मूर्तिपूजा गराउन बल प्रयोग गर्नेछ। साबथमा बन्देज लगाएको किन्ने र बिक्री गर्ने क्रियाकलापलाई उसले बन्देज लगाउनेछ (प्रकाश १३:१४-१७)। यो पशुको छाप हो। मानिसले स्थापना गरेको आइतबारलाई पालन गर्ने स्वीकार्नेलाई पशुको छाप वा प्रतिकको रूपमा लगाउनेछ। परमेश्वरले स्थापना गर्नुभएको शनिबारलाई तिनीहरूले मान्ने छैन।




व्यवस्था, साबथ र
आराधना

"यो स्वर्गदूतले ठूलो आवाजमा भन्यो, “परमेश्वरको भय राख अनि उहाँको स्तुति गर। सबै मानिसहरुको न्याय गर्ने परमेश्वरको समय आएको छ। परमेश्वरको उपासना गर। जसले स्वर्ग, पृथ्वी, समुद्र अनि जल श्रोत सृष्टि गर्नुभयो।” प्रकाश १४:७।



The threefold message that is proclaimed during the time of the end is linked to worship and, therefore, to the Sabbath and the Law of God.

| | | |
|---|---|---|
| **पहिलो सन्देश** | **प्रकाश १४:६-७** | **न्यायको निम्ति तयार हुनु (दश आज्ञा अनुसार) र सृष्टिकर्ताको आराधना जुन साबथले हामीलाई याद दिलाउँछ** |
| **दोस्रो सन्देश** | **प्रकाश १४:८** | **परमेश्वरको नाउँमा झुटो आराधना सिकाउने धार्मिक प्रणालीबाट फर्क** |
| **तेस्रो सन्देश** | **प्रकाश १४:९-११** | कसलाई र कसरी आराधना गर्ने मामिलामा निर्णय गर्नु: साबथलाई पालन गरेर परमेश्वरको कि पशुको छाप लिएर शत्रुको आराधना गर्ने |



अन्तसम्म अडिग भइरहने भक्तहरूका दुई स्वभावहरू हुन्छन्: तिनीहरूले परमेश्वरका दश आज्ञाहरू पालन गर्छन् र तिनीहरूमा येशूमा भएको विश्वास हुन्छ।

सङ्कटकालिन वा निर्णयात्मक क्षणहरूमा दश आज्ञाहरू पालन गर्न तिनीहरूमा त्यही विश्वासको आवश्यकता छ जुन येशूमा थियो। तिनीहरूमा भएको विश्वास गहिरो, सक्रिय, अजेय र कसैले हल्लाउन सक्दैन।

“यदि यस जगतले साबथलाई पालन गरेको भए मानिसका सोचबिचार र प्रेमाभाव सृष्टिकर्तातिर गइरहन्थ्यो। तिनीहरूको आराधना र श्रद्धाको केन्द्रविन्दु उहाँ हुन्थ्यो। यदि यो भएको भए यस संसारमा मूर्तिपूजा गर्ने र नास्तिक कहिल्यै हुने थिएन न त धर्मविरोधी। साबथ पालन गर्नुको अर्थ सत्य परमेश्वर प्रति बफादार देखाउनु हो। "जसले स्वर्ग, पृथ्वी र समुद्र, र पानीका मुहानहरूलाई सृष्टि गर्नुभयो उहाँको आराधना गर।" परमेश्वरको उपासना गर्न र उहाँका आज्ञाहरू विशेष गरेर चौथो आज्ञा पालन गर्न आह्वान गरिएको छ।

एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ४३७।